P 348-1

निर्वाचन कार्यविधि

(ग्रामीण मतदाता सचेतन कार्यक्रम)



प्रकाशक
अनौपचारिक क्षेत्र अध्ययन केन्द्र (इन्सेक)
कालिमाटी, काठमाण्डौ

निर्वाचन कार्यविधि

(निर्वाचन सम्बन्धी कानूनको संक्षीप्त जानकारी)

आगामी २०४८ सालको महा-निर्वाचन वहुदलिय पद्धतिको आधारमा हुन गै राखेको छ । २०४६ सालको जनआन्दोलनको परिणाम स्वरुप भएको परिवर्तनलाई नेपाल अधिराज्यको संविधान २०४७ ले संस्थागत रुप दिएपनि यसलाई स्थायित्व पार्ने काम आगामी निर्वाचनबाटै हुनेछ । अतः आगामी महानिर्वाचन सफलताका साथ सम्पन्न गर्नु सरकार, पार्टी, बुद्धिजीवी एवं जनता सबैको साझा कर्तव्य हो ।

निर्वाचन सम्पन्न गराउन एक स्थायी निर्वाचन आयोगको व्यवस्था भएको छ । वर्तमान आयोगमा प्रमुख आयुक्त र एकजना आयुक्त रहेका छन् । आयोगको आफ्नै सचिवालय छ । आयोगले प्रचलित कानून अनुसार निर्वाचनको संचालन, सुपरिवेक्षण, निर्देशन र नियन्त्रण गर्दछ ।

निर्वाचन सम्बन्धी प्रचलित कानून अन्तर्गत - (क) नेपाल अधिराज्यको संविधान २०४७, (ख) निर्वाचन आयोग ऐन २०४७, (ग) निर्वाचन क्षेत्र निर्धारण आयोग ऐन २०४७, (घ) प्रतिनिधी सभा सदस्य ऐन र ऐजन नियम २०४७ (ङ) निर्वाचन (अपराध र सजाय) ऐन २०४७, (च) प्रतिनिधी सभा सदस्य निर्वाचन निर्देशिका तथा सूचना आदेश इत्यादि पर्दछन् ।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा - ४५ ले २०५ जना भएको प्रतिनिधी सभाको व्यवस्था गरे अनुरुप ऐजन धारा १०५ र निर्वाचन क्षेत्र निर्धारण आयोग ऐन २०४७ अनुसार गठन भएको आयोगले नेपालका ७५ वटा जिल्लालाई जनसंख्याको अनुपातमा निर्वाचन क्षेत्र निर्धारण गरि सकेको छ । नेपालका जिल्लाहरु जनसंख्याको अनुपातको हिसावबाट एक क्षेत्र देखि बढिमा ६ क्षेत्रमा विभाजन भएका छन् ।

देशको मतदाता सूची बनाउने, सर्वसाधारणको निमित्त प्रकाशन गर्ने, मतदाताले नाम छुट भएमा थप गर्न वा नाम सच्याउन दर्खास्त दिने, दिएको दर्खास्त

अनुरुप मतदाता नामावली सच्याइ संशोधित नामावली प्रकाशन गर्ने, उम्मेदवारीको मनोनयन दाखिला, दावी विरोध एवं छानविन गरि उम्मेदवारको अन्तिम नामावली प्रकाशन भै सकेको छ ।

निर्वाचनको कार्यक्रम समेत प्रकाशित भै सकेको छ । अत: निर्वाचनमा उम्मेदवार उठ्ने देखि मत गणना गरि नतिजा प्रकाशन सम्मका मूलभूत व्यवस्था हरेक नेपाली नागरिक (मतदाता देखि लिएर उम्मेदवार सम्म) ले जान्नु आवश्यक भएकोले यस पुस्तिकामा संक्षिप्त रुपमा जानकारी दिने प्रयत्न गरिएको छ ।

निर्वाचन गराउने कर्मचारी

निर्वाचन आयोगले निर्वाचन सम्पन्न गराउन आवश्यकतानुसार श्री ५ को सरकार वा श्री ५ को सरकारको स्वामित्वमा रहेका स्वशासित संस्थाका कर्मचारीहरुलाई निर्वाचनको काम गर्न खटाउन सक्तछ । यस्ता कर्मचारीहरुमा मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, मतदान अधिकृत, सहायक मतदान अधिकृत तथा अन्य सुरक्षा कर्मिहरु रहन्छन् ।

मुख्य निर्वाचन आयुक्त हरेक जिल्लाको निर्वाचन सम्बन्धी प्रमुख अधिकृत हुन्छ । नीजले आफ्नो जिल्ला भित्रका निर्वाचन क्षेत्रहरुको निर्वाचन सम्बन्धी सम्पूर्ण कामको सुपरिवेक्षण, नियन्त्रण, निर्देशन र समन्वय गर्नुका अलावा आफूलाई तोकिएको क्षेत्रमा निर्वाचन अधिकृतको काम कर्तव्य समेत पालना गर्नु पर्दछ । निर्वाचन अधिकृतका काम कर्तव्यमा निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य स्वतन्त्र र निष्पक्षका साथ गराउने हो ।

मतदान अधिकृत तथा सहायक मतदान अधिकृतले आफू खटिएको मतदान केन्द्रमा स्वतन्त्र र निष्पक्ष रुपमा मतदान सम्पन्न गराउनु पर्दछ ।

निर्वाचन आयोगले दिएको निर्देशन पालना गर्ने कर्तव्य सबै किसिमका अधिकृत उपर हुन्छ ।

उम्मेदवारको योग्यता

निर्वाचन सम्बन्धी जान्नु पर्ने प्रमुख कुरामा उम्मेदवारको योग्यता एक प्रमुख कुरा हो । कानूनले तोकेको योग्यता नपुगेको उम्मेदवारको मनोनयन पत्र वदर हुन्छ । योग्य उम्मेदवार हुन निम्न कुरा हुन पर्दछ -

क) प्रतिनिधि सभा सदस्य ऐन २०४७ को दफा २८ ले २०४७ आश्विन मसान्तमा उम्मेदवार २५ वर्ष पुरा भएको हुनु पर्दछ ।

ख) नेपाली नागरिक । नागरिकताको प्रमाण पत्र प्राप्त हुन आवश्यक छ । वंशज, जन्मसिद्ध वा अंगिकृत भन्ने भेदभाव हुदैन ।

ग) मगज बिग्रेको वा वहुलाएको हुन हुदैन ।

घ) साहुको दामासाहीमा परेको वा टाट उल्टेको हुन हुदैन ।

ङ) श्री ५ को सरकारको वा श्री ५ को सरकारको स्वामीत्व वा नियन्त्रणमा रहेको स्वशासित संस्था वा श्री ५ को सरकारबाट अनुदान पाएको संस्थाको वहालवाला कर्मचारी हुनु हुदैन । जस्तो: स्कूलको शीक्षक, क्याम्पसको प्राध्यापक, भूमि सुधारको खरिदार या शाखा अधिकृत इत्यादि ले उम्मेदवार हुन पाउदैन । उम्मेदवार हुन चाहेमा राजीनामा स्वीकृत गराईकन मात्र उम्मेदवार हुन पाइन्छ ।

तर सर्वोच्च अदालतले एक प्राध्यापकले दिएको एउटा मुद्दामा यो निर्वाचनका लागि यो अयोग्यतालाई अन्तरिम आदेशद्वारा स्थगित गरि दिएको छ । अत: हालको चूनावमा शीक्षकले राजीनामा नगरि उम्मेदवार हुन पाएका छन् ।

च) निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनैतिक पदमा कार्यरत व्यक्ति र निवृत्ती भरण पाइ राखेको व्यक्ति वाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने गरि कुनै लाभको पदमा कार्यरत रहेको व्यक्ति पनि उम्मेदवार बन्न अयोग्य हुन्छ ।

देहायको पद लाभको पद होइन -

१) प्रधानमन्त्री, उप-प्रधान मन्त्री, मन्त्री, राज्य मन्त्री वा सहायक मन्त्रीको पद,

२) प्रतिनिधी सभाको सभामुख, उप-सभामुख र सदस्यको पद,

३) राष्ट्रिय सभाको अध्यक्ष, उपाध्यक्ष, र सदस्यको पद,

४) प्रतिनिधी सभा र राष्ट्रिय सभाका विपक्षी दलको नेताको पद,

५) संसदको कुनै समितिका सभापति र उप-सभापतिको पद,

६) गाउं, नगर र जिल्लाका स्थानिय निकायका प्रमुख वा उप-प्रमुख वा सदस्यको पद,

७) विश्वविद्यालयको सभा, कार्यकारी समिति वा कार्यकारी परिषदका सदस्यको पद,

८) श्री ५ को सरकारले कुनै खास उद्देश्यको लागि विदेश पठाएको प्रतिनिधी मण्डल वा नियोगको सदस्यको ।

९) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरि लाभको पद होईन भनी तोकिदिएको अन्य पद ।

छ। निर्वाचन सम्बन्धी अपराधमा प्रचलित कानून बमोजिम गठित निर्वाचन विशेष अदालतबाट कैदको सजाय पाई सो सजाय भोगिसकेको मितिले ६ वर्ष भुक्तान गरी सकेको व्यक्ति योग्य हुन्छ । त्यस्तो कैद भोगेको मितिले ६ वर्ष भुक्तान नगरि सकेको भए उम्मेदवार हुन अयोग्य हुन्छ ।

ज। नैतिक पतन देखिने फौज्दारी मुद्दामा कैदको सजाय हुने अपराध गरे वापत दोषी ठहरिई दुई वर्ष वा सो भन्दा बढी कैदको सजाय पाइ सो सजाय भोगी सकेको मितिले ६ वर्ष भुक्तान गरि सकेको मात्र उम्मेदवार हुन योग्य मानिन्छ । तर राजकाज सम्बन्धी मुद्दामा सजाय पाएको वा नैतिक पतन देखिने फौज्दारी मुद्दामै सजाय पाएको भएपनि राजनैतिक आधारमा माफी

पाई नेपाल राजपत्रमा प्रकाशित सूचनामा उल्लेख गरिएको व्यक्तिको हकमा भने उपरोक्त आधारको अयोग्यता लागु भएको मानिदैन ।यो व्यवस्थालाई यो २०४८ सालको चूनावका लागि मात्र लागु नगर्ने गरि ऐन शंशोधन गरिएको छ । अत: यो अयोग्यता यसपालाको चूनावमा लाग्दैन ।

उम्मेदवारको मनोनयनपत्र बदर - निम्न अवस्थामा उम्मेदवारको मनोनयन पत्र बदर हुन्छ :

क) उम्मेदवारको उम्मेदवार हुनका निमित्त चाहिने योग्यता नभएमा

ख) प्रस्तावक, समर्थक वा उम्मेदवारको सहि नभएको वा किर्ते सहि भएमा

ग) रु. ३०००।- धरौटी नराखेकोमा वा धरौटी राखेको प्रमाण संलग्न नभएमा,

घ) मनोनयन पत्र दाखिला गर्ने समय भित्र दाखिला या दर्ता नभएकोमा,

ङ) पार्टीको उम्मेदवारको हकमा पार्टीको औपचारिक पत्र नभएमा,

च) मनोनयन पत्र उम्मेदवार स्वयं वा उसको वारिस वा प्रस्तावक वाहेक अन्य कसै मार्फत दर्ता भएको रहेछ भने त्यस्तो स्थितिमा,

छ) उम्मेदवारले दाखिल भएको मनोनयन पत्रमा उम्मेदवार हुन मंजुर नगरेमा,

ज) विधिवत मनोनयन पत्र दर्ता नभएकोमा,

झ) उम्मेदवार, प्रस्तावक या समर्थकको नाम मतदाता नामावलीमा नभएमा,

सानो तिनो भूल चुकमा मनोनयन पत्र वदर हुन सक्तैन । नाम, थंर, वतन वा क्रमसंख्याको लेखाइ वा छपाइ सम्बन्धी प्राविधीक वा अक्षर, मात्रा वा अंकको त्रुटि भएको र सो त्रुटिबाट कुनै तात्विक फरक नपर्ने कुरालाई सानोतिनो भूल मानिन्छ । यस्तो सानो तिनो भूलको कारण मनोनयन पत्र वदर हुदैन ।

छानविन पश्चात कायम रहेका उम्मेदवारको नामावली सबैले देख्ने गरि निर्वाचन अधिकृतले प्रकाशन गर्नु पर्दछ ।

निर्विरोध निर्वाचन

निम्न अवस्थामा निर्विरोध निर्वाचित भएको घोषणा हुन्छ -

क) एउटै मात्र रित पूवर्कको मनोनयन पत्र दाखिल भएमा, वा

ख) धेरैको मनोनयन पत्र दर्ता भयो तर कुनै एउटा उम्मेदवारको मात्र रितपूर्वकको मनोनयन पत्र पाइएमा । यस्तोमा अन्य वेरितका मनोनयन पत्र वदर गरि त्यस्तो रितपूर्वकको मनोनयन पत्रवाला उम्मेदवार निर्विरोध ठहर्छ ।

ग) धेरै उम्मेदवार भए पनि एउटा छोडेर बाँकिले मनोनयन पत्र फिर्ता लिएमा ।

निर्वाचन चिन्ह

पार्टी र स्वतन्त्र उम्मेदवारका लागि छुट्टाछुट्टै निर्वाचन चिन्हका समूहहरु निर्धारण भएका छन् । पार्टीका उम्मेदवारले एकै चुनाव चिन्हमा चुनाव लड्दछन् । स्वतन्त्र उम्मेदवारलाई रोजेको चिन्ह प्राप्त हुन्छ र दुई उम्मेदवारले एकै चूनाव चिन्ह मागेमा गोला हाली निर्णय हुन्छ ।

उम्मेदवारको मृत्यु भएमा

उम्मेदवारको नामावली प्रकाशित हुन भन्दा अघि कुनै उम्मेदवारको मृत्यु भएको लिखित सूचना प्राप्त भएपछि निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रम स्थगित गरि सोको पूर्ण जानकारी निर्वाचन आयोगलाई दिनु पर्दछ । यस्तोमा निर्धारित समयमै मतदान हुन सक्ने हिसावले पूनः निर्वाचन कार्यक्रम प्रकाशित हुन्छ ।

अन्तिम नामावली प्रकाशित भएपछि कुनै उम्मेदवारको मृत्यु भएकोमा भने नर्या निर्वाचन कार्यक्रम प्रकाशित हुन्छ र छुट्टै मितिमा मतदान सम्पन्न हुन्छ ।

मतदान

मतदान केन्द्रको चारैतिर एक सय मिटर सम्मको क्षेत्रलाई मतदान क्षेत्र भनिन्छ । मतदान क्षेत्रभित्र उम्मेदवार वा नीजको प्रतिनिधी, खटिएको कर्मचारि, मतदाता तथा अनुमति पाएको व्यक्ति वाहेक कसैले प्रवेश गर्न पाउँदैन । सो क्षेत्रमा प्रचार प्रसार गर्न पाईदैन । मत पेटीका उम्मेदवार वा नीजहरुको प्रतिनिधीहरुको सामुन्ने जाँच बुझ गरि सिलवन्दी गरिन्छ ।

मतदाताको नाम थर, ठेगाना मतदाता नामावलीमा भिडेका मतदातालाई नीजको बायाँ हातको बुढि औंलाको नङ्ग र मासुको जोर्नीमा नमेटिने मसिले विन्दू आकारको चिन्ह लगाई मतपत्र दिइन्छ । बायां हातको वुढि औंला नभए चोर औंलामा र सो पनि नभए अन्य औंलामा र बाँया हात नभएमा दायाँ हातमा सोहि अनुसार मसि लगाइन्छ । मतदाताले स्वस्तिक चिन्ह (卐) भएको छाप लगाउने लिएर गोप्य कोठामा गै आफूलाई मन पर्ने चिन्हमा छाप लगाएर मतपत्र मोडेर वाहिर आई त्यहाँ राखिएको वाकसमा हालि दिनु पर्दछ । छाप लगाउंदा निर्वाचन चिन्ह भएको कोठामा लगाउनु पर्दछ । अर्को चिन्ह भएको कोठालाई छुने गरेर लगाउनु हुँदैन । त्यस्तो मतपत्र वदर हुन्छ । गोप्य कोठामा एकजना भन्दा बेसी पठाउन हुँदैन । मतदान गर्ने क्रममा अन्धा, लुला, लंगडा, अशक्त, वृद्ध वा रोगी मतदातालाई प्राथमिकता दिनु पर्दछ । अशक्त मतदाताको साथमा नीजका पत्यारका मानिस जान पाउँछन् ।

जुन निर्वाचन क्षेत्रको जुन मतदान केन्द्र अन्तर्गत मतदाताको नाम रहेको छ सोहि क्षेत्रमा मात्र मतदान गर्न पाईन्छ । अर्काको नाउंमा मतदान गर्नु अपराध हो । तसर्थ आफ्नो नाम छोडी अर्काको नाममा मतदान गर्न हुँदैन । कसैले अर्को मतदाताको नामबाट मतपत्र लिई सकेको भन्ने कुरा देखिन आयो भने त्यस्तो मतपत्र वदर गरि वास्तविक मतदातालाई अर्को मतपत्र दिईन्छ ।

उजुरी :- कसैले अर्काको नाउंको मतपत्र लिन आएको हो भन्ने कुरामा उजुर गर्न पाईन्छ । त्यस्तो उजुरी गर्दा निवेदन साथ रु. १०।- धरौटी राख्नु पर्दछ । यस्तो विरोध परेमा मतदान अधिकृतले सो सम्बन्धमा ठाडो बुझि तत्काल निर्णय गर्नु पर्दछ । विरोध ठिक ठहरेमा धरौटी राखेको उक्त रु. १०।- फिर्ता हुन्छ नत्र जफत हुन्छ ।

मतदाताले निम्न कुरा गर्न हुँदैन -

क) मतदान गर्न योग्यता नपुगेका व्यक्तिले निर्वाचन क्षेत्रमा मतदान गर्न हुँदैन

ख) मतदाता सूचीमा नाम भएका व्यक्तिले आफ्नै नाउंबाट मतदान गर्नु पर्छ । अर्काको नाउंमा मतदान गर्न हुँदैन ।

ग) एक मतदाताले एक भन्दा बढि निर्वाचन क्षेत्रमा मतदान गर्न हुँदैन ।

घ) एक मतदाताले एकै निर्वाचन क्षेत्रमा पनि एक भन्दा बढि मत दिनु हुँदैन ।

ङ) मतदाताले मत पेटिकामा मतपत्र बाहेक अन्य कुरा खसाल्न हुँदैन ।

च) मतदाताले लिएको मतपत्र मतपेटीकामा नखसालि वाहिर लैजान हुँदैन । मत नदिने निश्चय गर्ने मतदाताले आफूले लिएको मतपत्र मतदान अधिकृतलाई बुझाई दिनु पर्दछ ।

छ) मतदाताले मतदान गर्ने कोठामा आवश्यक भन्दा बढि समय लगाउन हुँदैन । वेसि समय बसेको भन्ने लागेमा मतदान अधिकृतले निरिक्षण गर्ने र मतदातालाई बाहिर पठाउन सक्तछ ।

मतदान केन्द्रको निरीक्षण- मतदान अधिकृत वा सहायक मतदान अधिकृतले मतदान केन्द्रमा बराबर निरीक्षण गरि रहनु पर्दछ । कुनै समस्या उत्पन्न भएमा तुरुन्तै समाधान गर्नु पर्दछ ।

मतदाताहरुलाई निर्धारित समय सम्म मतदान गर्न दिनु पर्दछ । निर्धारित समय भित्र आउने मतदातालाई उनीहरुले मतदान नसकुन्जेलसम्म मतदान कार्य चालु रहन्छ । मतदान समाप्त भएपछि सम्बन्धित उम्मेदवार वा नीजहरुको प्रतिनिधिको सामुन्नेमा मत पेटिकाको प्वाल बन्द गरि लाहा छाप लगाउन पर्दछ ।

संकटकालीन अवस्थामा मतदान- कुनै मतदान केन्द्रमा हिंसात्मक हुलदङ्गा वा उपद्रव वा प्राकृतिक विपत्ती वा आफ्नो काबु वाहिरको अन्य कारणले मतदानको काम हुन नसक्ने कुरामा सो मतदान केन्द्रका मतदान अधिकृतलाई विश्वास भएमा सो कुराको सूचना प्रकाशित गरि मतदान स्थगित गर्न सक्तछ । यसरि मतदान स्थगित

गरेको जानकारी तुरुन्त निर्वाचन अधिकृतलाई दिनु पर्दछ । निर्वाचन अधिकृतले निर्वाचन आयोगलाई जानकारी दिनु पर्दछ । त्यसपछि सो मतदान केन्द्रमा पूनः मतदान हुने मिति र समय तोकि सूचना प्रकाशित गरि पूनः मतदान गराउनु पर्दछ ।

मतदान केन्द्रको अनधिकृत कब्जा- निम्न कुरा भएमा अनधिकृत कब्जा भएको ठहर्छ -

क) कसैले वल प्रयोग गरि वा डर त्रास देखाइ वा धम्कि दिई मतदान केन्द्र वा मतदान गर्न निश्चित गरिएको स्थान आफ्नो कब्जामा लिई मतदानको कार्यमा प्रभाव पारेमा वा कुनै उम्मेदवारका समर्थक मतदाताहरुलाई मात्र मतदान गर्न दिएमा वा अन्य मतदाताहरुलाई मतदान गर्न नदिएमा,

ख) कसैले वल प्रयोग गरि वा नगरि मतदातालाई कुनै उम्मेदवारको पक्षमा मतदान गर्न वा नगर्न डर त्रास वा धम्कि दिएमा वा मतदान गर्नको लागि मतदान केन्द वा मतदान गर्ने स्थानमा जान वा प्रवेश गर्न नदिएमा,

ग) कसैले वल प्रयोग गरि वा नगरि मतदान कार्य संचालन गर्न खटिएका अधिकारीलाई आफ्नो कर्तव्य पालन गर्न नदिएमा वा निजको जिम्मामा रहेको मतपत्र, मत पेटिका वा मतदान सम्बन्धी सामग्री खोसेमा वा अन्य त्यस्तै कार्य गरी मतदानको कार्य निष्पक्ष तथा स्वतन्त्र रुपमा सामान्य ढङ्गले संचालन नहुने वा हुन नसक्ने गरि प्रभावित गरेमा ।

उपरोक्त अवस्था परेमा त्यस्को प्रतिवेदन मतदान अधिकृतले निर्वाचन अधिकृतलाई र निर्वाचन अधिकृतले निर्वाचन आयोगलाई दिनु पर्दछ । त्यस्तो सूचना प्राप्त भएपछि निर्वाचन आयोगले आवश्यकतानुसार जांचबुझ गरि गराइ सो मतदान केन्द्र मात्रको वा सम्पूर्ण निर्वाचन क्षेत्रको निर्वाचन रद्द गरि पूनः निर्वाचन गराउन सक्तछ ।

मतपेटिका नोक्सान वा तोडफोड भएमा- मतदान केन्द्रमा मतदानको कार्यमा प्रयोग भएको मतपेटिका दुर्घटनावस नोक्सान भएमा वा खोसिएमा वा जानाजान तोडफोड गरि नोक्सान भएमा सो को सूचना मतदान अधिकृतले निर्वाचन अधिकृतलाई र निर्वाचन अधिकृतले निर्वाचन आयोगलाई दिनु पर्छ । सो कुराको जानकारी प्राप्त

भएपछि निर्वाचन आयोगले जांचवुझ गराइ सो कुरा ठहर्न आएमा सो केन्द्रको मतदान रद्द हुन्छ ।

शान्तिभंग गर्न नहुने- निर्वाचनको प्रचार प्रसार मतदान समय भन्दा ४८ घण्टा अगावै समाप्त हुन पर्दछ । त्यसपछि प्रचार प्रसार गर्न पाइदैन । मतदान केन्द्रमा देहायको काम गरि शान्ति भंग गर्न हुदैन -

क) लाउडस्पीकर, मेगाफोन, वा यस्तै अन्य यन्त्र प्रयोग गर्न,

ख) वाद्य-वादन बजाउन, नाचगान गर्न वा जुनसुकै किसिमको सभा वा समारोह गर्न,

ग) होहल्ला, हुल हुज्जत गर्न वा कराउन ।

मतदान केन्द्र र सो को वरिपरि कसैले कुनै प्रकारको हात हतियार वा विषालु वा विष्फोटक पदार्थ लिएर हिडन वा पडकाउन वा प्रयोग गर्न हुदैन । उपरोक्त बमोजिम गर्ने गराउने व्यक्तिलाई तुरुन्त गिरफ्तार गरि कानूनी कार्वाहि हुन्छ ।

मतगणना

निर्वाचन समाप्त भएपछि सबै मत पेटिकाहरु मतगणना गर्ने स्थानमा जम्मा गरिन्छ । जिल्लाको सदर मुकामको कुनै ठाउँमा कुन मिति समय देखि गणना गर्ने हो भन्ने कुरा अगावै सूचना प्रकाशित गरि निर्धारण गरिन्छ । मत पेटिका सुरक्षित रुपमा एकै ठाउंमा राखि झ्याल, ढोका बलियो संग वन्द गरि ताला लगाई लाहा छाप गरि राख्नु पर्दछ । मत पेटिका राखेको कोठा वाहिर उम्मेदवार वा नीजको प्रतिनिधी बस्न वा सुत्न चाहेमा निर्वाचन अधिकृतले सो को अनुमति दिनु पर्दछ ।

निर्धारित समयमै मतगणना प्रारम्भ गर्नु पर्छ । मतगणनाको समयमा उम्मेदवार र नीजको निर्वाचन प्रतिनिधी र आवश्यकतानुसार मतगणना प्रतिनिधी रहन पाउंछन । पूनः मतदान भएको जिल्लाको मतगणना त्यस्तो पूनः मतदान

समाप्त नभएसम्म गर्न हुदैन । मतगणना गर्ने स्थानमा निम्नलिखित व्यक्ति बाहेक अरुले प्रवेश पाउँदैन -

क) मतगणना गर्न निर्वाचन अधिकृतबाट अनुमति पाएका कर्मचारिहरु,

ख) मतगणना गर्ने ठाउंमा सुरक्षाको लागि निर्वाचन अधिकृतले खटाएका सुरक्षा कर्मचारिहरु

ग) उम्मेदवार, नीजको निर्वाचन प्रतिनिधि र मतगणना प्रतिनिधी

घ) निर्वाचन अधिकृतबाट अनुमति पाएको अन्य व्यक्ति

ङ) निर्वाचन आयोगबाट खटिएको वा अनुमति पाएको कर्मचारी वा अन्य व्यक्ति

मत गणना शुरु गरेपछि नसकुन्जेल सम्म लगातार गर्न पर्दछ । मतगणना शुरु गर्नु अघि मत पेटिका ठिक छन् छैनन जाच्नु पर्दछ । प्रत्येक मतदान केन्द्रको अलग अलग मत गणना गर्नु पर्दछ । कुनै किसिमबाट मत गणना रोक्न परेमा निर्वाचन अधिकृतले गणना गरि सकेको मतपत्रहरु, मत गणना अभिलेखहरु, मतगणना गर्न वांकि रहेका मत पत्रहरु र मतगणना गर्न वांकि रहेका मतपेटिकाहरुको लगत तयार गरि लाहाछाप गरि राख्नु पर्दछ । त्यसरि रोकिएको मतगणना यथासम्भव भोलि पल्टै शुरु गर्नु पर्छ ।

मतपत्र गणना गर्दा सदर, बदर दुवै मतपत्र उम्मेदवार वा नीजको प्रतिनिधीलाई देखाउनु पर्दछ तर छुन दिन हुदैन । निम्न मतपत्र वदर हुन्छन :

क) सम्बन्धित मतदान अधिकृतको सहिछाप नभएको ।

ख) निर्वाचन आयोगले तोकेको मत संकेत गर्ने स्वस्तिक ( ) छापले मतसंकेत नगरि अन्य कुनै किसिमले मत संकेत गरेको वा अन्य कुनै चिन्ह लेखिएको ।

ग) मत संकेतको चिन्ह नवुझिने गरि च्यातिएको वा लतपतिएको वा फोहर गरिएको ।

घ) उम्मेदवारको चिन्ह रहेको कोठामा संङ्केत नगरि अन्यत्र संकेत गरिएको ।

ङ) उम्मेदवार नरहेको चिन्हमा मत संकेत गरिएको ।

च) मत नदिने निश्चय गरि मतदान अधिकृतलाई फिर्ता दिएको ।

छ) कुन उम्मेदवारको लागि मत दिएको हो सो नछुट्टिने गरि मत संकेत गरिएको ।

ज) एक भन्दा बढि उम्मेदवारको चिन्ह भएको कोठामा छुने गरि मत संकेत गरिएको ।

झ) एक भन्दा बढि कोठाहरुमा मत संकेत गरिएको ।

ञ) सम्बन्धित मतदान केन्द्रको लागि निर्धारित गरिएको मत पत्र बाहेक अन्य मतपत्र द्वारा मतदान गरिएको ।

ट) अरु मतदाताको नामबाट मतदान गरिएको ।

ठ) जाली मतपत्र ।

गणना भएका सदर र वदर मतपत्र अलग अलग खाममा राख्नु पर्दछ । मत गणना पश्चात जसको सदर मत पत्र वेसि संख्यामा रहेको छ सोहि व्यक्ति विजयी मानिन्छ । दुई वा दुई भन्दा वढि उम्मेदवार वीच मत वरावर भएमा गोला हाली निर्णय हुन्छ । जस्ले गोला हाल्दा जित्दछ उसले अरु भन्दा एक मत वढिल्याएको मानि बिजयी ठहराइन्छ ।

मत गणना परीणाम प्रकाशित गरेपछि सो को विवरण निर्वाचन आयोगमा पठाउनु पर्छ । मतगणना समाप्त भै विजयी उम्मेदवारलाई निर्वाचन अधिकृतले परिचयपत्र दिनु पर्दछ ।

पुनः मत गणना - मत गणना समाप्त हुनु पूर्व कुनै उम्मेदवार वा नीजको प्रतिनिधीले केहि वा सवै मतको पूनः मत गणना गराउन चाहेमा कारण समेत खुलाई निर्वाचन अधिकृत समक्ष निवेदन दिन पाउँछ । त्यसरि निवेदन प्राप्त भए पछि पूनः मत गणना गर्ने वा नगर्ने भन्ने कुरा निर्वाचन अधिकृतले ठहराउँछ ।

मत गणना पूरा हुनु अघि मतपत्र नोक्सान भएमा- मत गणना पूरा हुनु भन्दा पहिले कुनै मतदान केन्द्रमा प्रयोग गरिएको मत पत्र वा मतपत्र रहेको मत पेटिका निर्वाचन

अधिकृतको नियन्त्रणबाट गैरकानूनी तवरले अन्यत्र लगिएमा वा खोलिएमा वा दुर्घटनाबाट नाश भएमा वा जानाजान तोडफोड गरि नोक्सान गरिएमा वा हराएमा निर्वाचन अधिकृतले सो को जानकारी निर्वाचन आयोगलाई दिनु पर्छ । आयोगले आवश्यक ठानेमा जांचबुझ समेत गरि घटना भएको मत गणना गर्न बांकि रहेको मतदान केन्द्रमा पुन: मतदान गराउन आदेश दिनेछ ।

मत गणना स्थलको अनधिकृत कब्जा- निम्न कुरा भएमा अनधिकृत कब्जा मानिन्छ :

क) कसैले बल प्रयोग गरि वा डर त्रास देखाइ वा धम्की दिई मत गणना स्थललाई आफ्नो कब्जामा लिएमा वा मत गणनाको कार्यमा संलग्न रहेका अधिकारी वा कर्मचारीबाट मतपत्र वा त्यस्तो मतपत्र रहेको मत पेटिका आफ्नो कब्जामा लिएमा वा यस्तै अन्य कार्य गरि मत गणनाको कार्यमा दखल दिएमा वा प्रभाव पारेमा ।

ख) मत गणनाको कार्यमा संलगन रहेको कुनै ब्यक्तिले माथि खण्ड (क) बमोजिमको कार्य गरेमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा वा अनुमति दिएमा ।

त्यस्तो अनधिकृत कब्जाको जानकारी निर्वाचन आयोगले पाए पछि आवश्यक ठानेमा जांचबुझ समेत गरि त्यसरी अनधिकृत कब्जा भए जति मतदान केन्द्रमा पून: मतदान गराउँछ ।

निर्वाचन अपराध र सजाय

निम्न लिखित कार्यहरु निर्वाचन अपराध मानिन्छन् :

क) नाम, थर, उमेर ढाट्ने-

(१) कसैले कुनै निर्वाचनको प्रयोजनको लागि संकलन गरिने मतदाता नामावलीमा आफ्नो नाम, थर, वतन उमेर वा नागरिकता ढांटी नाम दर्ता गर्न, गराउन वा सो लागि दर्खास्त दिन वा त्यसरि ढांटी विरोध पत्र दिन हुदैन ।

(२) कसैले मतदानको लागि अर्काको नामबाट मतपत्र लिन वा मतदान गर्न वा त्यस्तो कामको लागि मद्दत वा उद्योग वा प्रोत्साहन दिन हुदैन ।

उपरोक्त कार्य गर्नेलाई प्रमाणित भएमा एकहजार रुपैंया सम्म जरिवाना वा तीन महिना सम्म कैद वा दुवै हुन सक्तछ ।

ख) **प्रभाव पार्न नहुने-** निर्वाचनको सिलसिलामा निम्न काम गरि कुनै उम्मेदवार वा मत दातालाई वा नीजहरुको सरोकार वा स्वार्थ भएको कुनै व्यक्तिलाई अनुचित प्रभाव पार्न वा सो गर्ने प्रोत्साहन वा उद्योग सम्म गर्न हुदैन ।

(१) कुनै किसिमको क्षति पुऱ्याउने

(२) सामाजिक वहिस्कार गर्न धम्की दिने,

(३) कुनै किसिमको दैवी प्रकोप वा पापको भागी हुने त्रास देखाउने

(४) धर्म भकाउने वा प्रतिज्ञा वा डर त्रास देखाउन ।

(५) कुनै किसिमको धाक, धम्की वा डर त्रास देखाउने ।

उपरोक्त वमोजिमको अपराध गर्नेलाई एकहजार सम्म जरिवाना वा एकबर्ष सम्म कैद वा दुवै सजाय हुन सक्तछ ।

ग) **चरित्र हनन गर्न नहुने** - कुनै व्यक्तिले पनि निर्वाचनको नतीजामा प्रभाव पार्ने मनसायले उम्मेदवार वा नीजको परिवारको सदश्यको चरित्र वा आचरण झुटो हो भन्ने जानेबुझे वा विश्वास गरेको कुरालाई सांचो हो भनि वा अरुलाई सांचो हो भन्ने विश्वास पर्ने गरि कुनै कुराको आरोप लगाई कुनै पनि किसिमले चरित्र हत्या गर्न हुदैन ।

सो बमोजिमको कसूर गर्नेलाई एक हजार रुपैंया सम्म जरिवाना वा एक बर्ष सम्म कैद वा दुवै हुन सक्तछ ।

घ) **प्रचार गर्न नहुने-** कुनै पनि उम्मेदवारको प्रचार प्रसार गर्दा गराउंदा देहाएको कुनै उद्देश्यले प्रचार प्रसार गर्न वा गराउन हुदैन :

१) नेपाल अधिराज्यको स्वतन्त्रता, सार्वभौमसत्ता वा प्रादेशिक अखण्डतामा आधात पार्ने,

२) कुनै धर्म, सम्प्रदाय, जातजाती, भाषा वा प्रादेशिकताको आधारमा घृणा वा द्वेष उत्पन्न गर्ने , वा

३) कुनै धर्म सम्प्रदाय, जातजाति भाषा वा प्रादेशिक आधारमा मतदान गराउने ।

उपरोक्त कसुर गर्नेलाई दुइहजार सम्म जरिवाना वा दुई बर्ष सम्म कैद वा दुवै जरिवाना हुन्छ ।

ङ) **नगद वा जिन्सी लिन वा दिन नहुने-** कुनै उम्मेदवार व निजको प्रतिनिधी वा पार्टीको तर्फबाट कसैले पनि निर्वाचनको अवधी भित्र मतदान गर्न वा नगरे वापत उपहार, पुरस्कार, इनाम, दान दातव्य वा वकसको रुपमा नगद वा जिन्सी दिन वा दिन मन्जुर गर्न र मतदाताले पनि सो प्रयोजनका लागि नगद वा जिन्सी लिन वा लिन मंजुर गर्न हुदैन । यस प्रकार निषेध गरेका कार्य गर्नेलाई एक हजार रुपैया सम्म वा एक वर्ष सम्म कैद वा दुवै सजाय हुन्छ ।

च) **कर्मचारिले निर्वाचनमा प्रभाव पार्न नहुने** - निर्वाचनमा खटिएको निर्वाचन अधिकृत लगायत सुरक्षामा खटिएका कर्मचारिले निर्वाचनको काम गर्दा कानून बमोजिम कुनै उम्मेदवारलाई आफ्नो मत दिन बाहेक निर्वाचनमा कुनै उम्मेदवारलाई सफल वा असफल गराउने उद्देश्यले कुनै किसिमको काम गर्न गराउन हुदैन । कसैले गरे वा गराएमा एक हजार सम्म जरिवाना वा एक वर्ष सम्म कैद वा दुवै सजाय हुन सक्तछ ।

छ) **शान्ति भङ्ग गर्न नहुने-** मतदानको काममा वाधा पार्ने गरि मतदान केन्द्रको वरिपरि देहायको काम गरि शान्ति भंङ्ग गर्न हुदैन -

१) लाउड स्पीकर, मेगाफोन वा यस्तै अन्य कुनै यन्त्र प्रयोग गर्न,

२) वाद्य-वादन बजाउन, नाचगान गर्न, जुनसुकै किसिमको सभा वा समारोह गर्न, हो हल्ला वा हुल हुज्जत गर्न गराउन वा कराउन ।

यस्तो कार्य गर्नेलाई एक हजार सम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुन सक्तछ ।

ज) **हात हतियार लिएर हिडन वा पड्काउन नहुने-** निर्वाचनको सुरक्षाको लागि खटिएका कर्मचारि बाहेक अन्यले मतदान केन्द्र वा मतगणनास्थल र सो को वरिपरि कुनै प्रकारको हात हतियार, विषालु वा विष्फोटक पदार्थ लिएर हिडन वा पडकाउन वा प्रयोग गर्न हुदैन । कसैले त्यस्तो काम गरेमा त्यस्तो हात हतियार वा पदार्थ जफत गरि एक हजार समम जरिवाना वा ६ महिना सम्म कैद वा दुवै हुनेछ ।

झ) **निषेधित व्यवहार-** निम्न व्यवहार गर्न गराउन वा उद्योग गर्न वा मद्दत लिन वा दुरुत्साह गरिएका छन् । कसैले निम्न मध्ये खण्ड (५) र (६) बमोजिमको कसूर गरेमा दुई हजार रुपैया सम्म जरिवाना वा दुई वर्ष सम्म कैद वा दुवै र वांकिका कसूर गर्नेलाई एक हजार सम्म जरिवाना वा एक वर्ष सम्म कैद वा दुवै सजाय हुन्छ -

१) निर्वाचन आयोगले कुनै निर्वाचनको लागि तयार गरेको वा प्रकाशित गरेको वा मतदान कार्यमा प्रयोग गरेको मतदाता मानावलीमा कुनै व्यहोरा थप्न, केरमेट गर्न, सच्याउन, हटाउन वा सो मतदाता नामावली च्यात्न वा कुनै किसिमले विगार्न, नोक्सान गर्न वा नष्ट गर्न,

२) निर्वाचन सम्बन्धि काममा संलग्न कुनै व्यक्ति वा कर्मचारीले टांसेको वा टास्न लगाएको कुनै निर्वाचन सम्बन्धी कुनै फेहरिस्त, सूचना वा अन्य कुनै कागजातमा कुनै व्यहोरा थप्न, केरमेट गर्न, सच्याउन, हटाउन वा त्यस्तो कागजात च्यात्न वा कुनै किसिमले विगार्न वा नोक्सान गर्न वा नष्ट गर्ने,

३) कुनै मतपत्रमा लागेको निर्वाचन अधिकृत वा मतदान अधिकृतको सहि वा छाप वा मतपत्रमा अंकित कुनै चिन्ह वा संकेत भेटन, केरमेट गर्न, संच्याउन, कीर्ते गर्न, विगार्न वा च्यात्न

४) कुनै मतदाताले मतदान गर्न कानून बमोजिम आफूले प्राप्त गरेको मतपत्र कुनै व्यक्तिलाई कुनै किसिमले दिन वा आफूले खसाल्न अधिकार पाएको मतपत्र बाहेक अरु कुनै कुरा मत पेटिकामा खसाल्न,

५) निर्वाचनको काममा प्रयोग हुने वा प्रयोग भएको मतपत्र वा अन्य कुनै कागजात कुनै किसिमको वल प्रयोग गरि वा नगरि खोस्न, लुटन, चोर्न, च्यात्न वा अन्य कुनै प्रकारले विगार्न, नोक्सान गर्न वा नष्ट गर्न

६) निर्वाचनको काममा प्रयोग हुने वा भएको मत पेटिका कुनै किसिमको वल प्रयोग गरि वा नगरि खोस्न, लुटन, चोर्न, विगार्न वा कुनै किसिमले नष्ट गर्न,

७) मतदान अधिकृतको स्विकृती विना मतदानको अवधिभित्र मत पेटिका, मतपत्र, मत संङ्केत गर्ने छाप, छापदानी, मसी वा मतदानको लागि प्रयोग हुने वा प्रयोग भएको अन्य कुनै सामान मतदान केन्द्रबाट बाहिर वा अन्यत्र कतै लैजान वा

८) निर्वाचनको काममा संलग्न कर्मचारीहरुलाई निजहरुको काममा कुनैपनि प्रकारले कुनै किसिमको वाधापार्न ।

ञ) **गैर कानूनी तवरले मतपत्र लिन वा दिन हुँदैन-** निम्न बमोजिम निषेध गरिएका काम गर्नेलाई एकहजार सम्म जरिवाना वा एक वर्ष सम्म कैद वा दुवै सजाय हुन्छ -

१) कसले कसैलाई नगदी, जिन्सी, सेवा वा कुनै प्रकारको लाभ दिई वा दिन मंजुर गरि वा कुनै किसिमको डर, त्रास वा धाक धम्कि दिई वा कुनै किसिमको बल प्रयोग गरि वा नगरि निर्वाचनमा प्रयोग

हुने मतपत्र सोहि निर्वाचनमा गैर कानूनी तवरले मतदान गर्नको लागि कसैबाट प्राप्त गर्न वा गराउन वा प्राप्त गर्ने वा गराउने उद्योग गर्न वा त्यस्तो काम गर्न वा गराउन दुरुत्साहन दिन समेत हुदैन ।

२) कुनै निर्वाचनमा प्रयोग हुने मतपत्र जिम्मा लिन अधिकार प्राप्त अधिकारीले नगद, जिन्सी, सेवा वा अन्य कुनै प्रकारको लाभ लिई वा नलिई वा लिन मंजुर गरि वा नगरि त्यस्तो मतपत्र अनधिकृत व्यक्तिलाई दिन हुदैन ।

ट) **गोप्यता भङ्ग गर्न नहुने-** कुनै निर्वाचनमा निर्वाचन सम्बन्धी काममा संलग्न कुनै कर्मचारी (निर्वाचन अधिकृत, मतदान अधिकृत, निर्वाचन आयोगले नियूक्त गरेको पर्यवेक्षक वा अन्य कुनै अधिकारी), उम्मेदवार वा उसको प्रतिनिधी वा मतदाता वा अन्य कुनै व्यक्तिले कुनै मतदाताले कसलाई मत दियो वा दिएन भन्ने कुराको गोप्यता भङ्ग गर्न हुदैन । साथै मतपत्रबाट मतदाता चिन्हिने गरि कुनै किसिमको संकेत, चिन्ह वा यस्तै अन्य कुरा मतपत्रमा लेख्न, कसैलाई भन्न वा प्रकाश गर्न हुदैन । यस कुराको विपरित गर्नेलाई रु. एक हजार सम्म वा एक वर्ष सम्म कैद वा दुवै सजाय हुन सक्छ ।

ठ) **मतगणना वा निर्वाचनको अन्य काममा वाधा पुऱ्याउन नहुने-** उम्मेदवार वा उसको प्रतिनिधी वा अन्य कसैले पनि निर्वाचन सम्बन्धी कुनै काममा कुनै प्रकारले वाधा पुऱ्याउन हुदैन । साथै मतगणना भै रहेको अवस्थामा त्यहां रहेका मतपेटिका, मतपत्र वा अन्य निर्वाचन सम्बन्धी कुनै कागज पत्र लुटन, खोस्न, चोर्न, विगार्न, च्यात्न, वा कुनै प्रकारले नोक्सान पार्न वा सम्बन्धित कर्मचारीको अनुमति बेगर एक ठाउंबाट अर्को ठाउंमा लैजान हुदैन । कसैले यसरि निषेध गरेको काम गरेमा दुई हजार रुपैया सम्म जरिवाना वा दुई वर्ष सम्म कैद वा दुवै सजाय हुन्छ ।

ड) **निर्वाचन सम्बन्धी प्रचार प्रसारमा वन्देज-** निम्न व्यवस्थाको प्रतिकूल गरि निर्वाचनको प्रचार प्रसार गर्नेलाई एक हजार रुपैया सम्म वा तीन महिना सम्म कैद वा दुवै सजाय हुन्छ -

१) निर्वाचन सम्बन्धी प्रचारको लागि तयार गरिएको पोष्टर, पम्पलेट, पर्चा, विज्ञापन आदि प्रचार सामग्रीमा छापाखानाको तथा छापा लगाउने राजनैतिक संगठन वा दल वा व्यक्तिको नाम र ठेगाना उल्लेख हुन पर्नेछ ।

२) निर्वाचन सम्बन्धी प्रचारको लागि कुनैपनि धार्मिक वा पुरातात्विक वा ऐतिहासिक भवन, स्मारक वा बनैटमा कुनै पोष्टर पम्पलेट, पर्चा, विज्ञापन वा त्यस्ता कागज कसैले पनि टांस्न वा टांस्न लगाउन वा लेख्न वा लेख्न लगाउन हुदैन ।

३) निर्वाचन सम्बन्धी प्रचारको लागि कसैले पनि नीजीघर, पसल, पर्खाल वा अन्य वनौटमा त्यसको धनीको स्वीकृत नलिई कुनै पोष्टर, पाम्पलेट, पर्चा, विज्ञापन वा त्यस्ता कागज टांस्न लगाउन वा लेख्न लगाउन हुदैन ।

४) मतदान हुने दिनभन्दा अठचालिस घण्टा अघिदेखि मतदानको काम पूरा नभएसम्म निर्वाचन क्षेत्रभित्र कसैले पनि कुनै उम्मेदवारको पक्ष वा विपक्षमा मत लिने वा दिने उद्देश्यले सभा वोलाउन वा आयोजना गर्न, जुलुस निकाल्न वा नारावाजी गर्न तथा अन्य कुनै पनि प्रकारले प्रचार प्रसार गर्न हुदैन ।

ढ) **निर्वाचन खर्चको विवरण नदिनेलाई सजाय-** उम्मेदवारले निर्वाचन खर्च गर्न पाउने रकमको हद आयोगले तोकिदिन्छ । निर्वाचन परिणाम निस्केको मितिले ३० दिन भित्र खर्चको विवरण पेश गर्नु पर्दछ । सो समयभित्र खर्चको विवरण पेश नगर्ने उम्मेदवारलाई निर्वाचन आयोगले रु. ५,०००।- सम्म जरिवाना गर्न सक्तछ ।

ण) **बिभागिय कारबाई-** निर्वाचनको काममा लगाएको कर्मचारिले निर्वाचन सम्बन्धि आफूलाई तोकिएको कर्तव्य पूरा नगरेमा नीज उपर बिभागीय कार्वाहि हुन्छ ।

निर्वाचन प्रतिनिधि

उम्मेदवारले निर्वाचनमा एक्लै काम गर्न सक्तैन । उसले निर्वाचन सम्बन्धि काम गर्न निर्वाचन प्रतिनिधी नियूक्त गर्न पाउँदछ । निर्वाचन प्रतिनिधी हुनलाई मतदाता हुन योग्यता भएको लेखपढ गर्न जान्ने हुनु पर्दछ । यस्तो प्रतिनिधीले उम्मेदवारको तर्फबाट गर्नु पर्ने निर्वाचन सम्बन्धि सबै काम गर्न सक्तछ । निर्वाचन प्रतिनिधीले मतदान प्रतिनिधी र मत गणना प्रतिनिधी नियूक्त गर्न सक्तछ । निर्वाचन प्रतिनिधीलाई उम्मेदवारले मन लागेमा बदल्न सक्तछ । नबदलेमा निर्वाचन परिणाम घोषणा भएको मितिले ३५ दिन सम्म कायम रहन्छ । निर्वाचन प्रतिनिधी बदल्नु परेमा त्यसको सूचना निर्वाचन अधिकृतलाई दिनु पर्दछ ।

मतदान प्रतिनिधी प्रत्येक बुथको लागि एक वा एक भन्दा बढी नियूक्ती गर्न सकिन्छ । त्यसै गरि एक भन्दा बढी मतगणना प्रतिनिधी नियूक्त गर्न सकिन्छ । यस्ता प्रतिनिधी जुनसुकै बखत बदर गर्न वा बदर गरि अर्को नियूक्त गर्न मिल्छ । मतदान प्रतिनिधीले मतदान केन्द्रमा र मतगणना प्रतिनिधीले मतगणना स्थलमा उम्मेदवारको प्रतिनिधीत्व गर्न पाउछन् ।

धरौटी

निर्वाचन उम्मेदवार हुन चाहनेले रु. ३,०००।- धरौटी राख्नु पर्दछ । एक उम्मेदवार एक भन्दा बढी निर्वाचन क्षेत्रबाट उठ्ने भएमा प्रत्येक निर्वाचन क्षेत्रको निमित्त अलग अलग रु. ३,०००।- धरौटी राख्नु पर्दछ । यस्तो धरौटी निर्वाचन अधिकृत कहां नगद वा बैंकमा निर्वाचन अधिकृतको नाउंमा जम्मा गरि बैंक रसीद पेश गर्नु पर्छ । जित्ने उम्मेदवार र सम्बन्धित निर्वाचन क्षेत्रमा खसेको सदर मतको दश प्रतिशत वा सो भन्दा बेसी मत पाउने हार्ने उम्मेदवारले धरौटी राखेको रकम परिणाम घोषणा भएको मितिले ३५ दिन भित्र फिर्ता पाउंछ । तर सो भन्दा कम मत ल्याउनेको धरौटी जफत हुन्छ, फिर्ता पाउदैन ।

निर्वाचन सम्बन्धी उजुरी

निर्वाचन सम्बन्धी मुद्दामा कारवाई र किनारा गर्न विशेष अदालतको गठन हुन्छ । निर्वाचन सम्बन्धी मुद्दामा उजुर गर्नु पर्दा उजुर गर्नु पर्ने कारण परेको मितिले ३५ दिनभित्र गरिसक्नु पर्छ । उजुर गर्न चाहनेले एक हजार रुपैयाँ धरौटी राख्नु पर्दछ । यस्तो मुद्दा उजुरी दर्ता भएको मितिले एक बर्षभित्र फैसला गरि सक्नु पर्दछ । □

"निर्धक्क भएर आफ्नो मताधिकार को उपयोग गरौं"



Digitized By: Bimal Chandra Sharma